गण्डकी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

फोन नं. ०६७-४२०१३५

# डिभिजन वन कार्यालय,पर्वत

कुश्मा,नेपाल

## वन पैदावार (जडीवुटी-गुजरगानो/चुत्रो)को डाँक बढाबढद्धारा गरिने लिलाम विक्रिको सूचना

प्रथम पटक प्रकाशित मिति :२०८२/०८/०७

वादी नेपाल सरकार प्रतिवादी हरी कुमार श्रेष्ठ समेत भएको विना इजाजत वन पैदावार संकलन सम्वन्धि मुद्दामा बरामद भई यस कार्यालयको कम्पाउन्ड भित्र घाटगद्धिमा रहेको तपसिल अनुसारको लट र परिमाणको गुजरगानो र चुत्रो (डाँठ) जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा डाँक बढाबढ प्रक्रियाबाट लिलाम बिक्रिको लागि यो १५ (पन्ध) दिने सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म वा कम्पनीले देहायका शर्त बमोजिम तोकिएको मितिमा हुने डाँक बढावढ प्रक्रियामा भाग लिन आव्हान गरिएको छ ।

तपसिल

१ वन पैदावारको बिबरण :

| वन पैदावारको विवरण | | | | मुल्यांकन रु. | | घाटगद्धि स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | जडिबुटीको प्रकार | परिमाण(के.जि.) | न्युनतम मुल्य (मु.अ.क बाहेक) | अन्य खर्च | | |
| १ | ०१।०८२/०८३ (मुद्दा) | चुत्रो (डाँठ)<br>गुजरगानो | १०२५ (के.जि.)<br>१२९४ (के.जि.) | ८२००।-<br>९०५८।- | | डिभिजन वन कार्यालय,पर्वतको कार्यालय परिसर | |
| | | जम्मा | | १७२५८।- | | | |

२. डाँकलिलाम बढावढ हुने स्थान ,मिति,र समय :

क) स्थान : डिभिजन वन कार्यालय, पर्वत, कुश्मा ख) मिति : २०८२।०८।२२

ग) समय : दिनको ठिक १.०० बजे घ) तोकिएको दिन सार्वजनिक विदा परेमा भोलिपल्ट हुनेछ ।

३.डाँक बढाबढ प्रक्रियामा भाग लिन इच्छुक व्यक्ति,फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्र,फर्म दर्ता तथा नविकरणको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र,कर चुक्ता प्रमाणपत्र र निवेदनका साथ रु१०।-को टिकट टाँस गरी मिति २०८२/०८/२२ गते विहान ११:०० वजे भित्र निवेदन पेश गर्नु पर्नेछ ।

४. डाँकबढावढ न्युनतम मुल्यबाट शुरु गरिनेछ । डाँक वढाबढ प्रक्रियामा भाग लिने सबैले बोल्नु पूर्व न्युनतम मुल्यको १० प्रतिशतले हुने नगद धरौटी राख्नुपर्ने छ । डाँक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी रकम थप गर्दै जानुपर्नेछ ।

५.लिलाम स्विकृत गर्ने वा नगर्ने अधिकार, अधिकारप्राप्त अधिकारीमा निहित रहने छ ।

६. लिलाम वढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयमा घाटगद्धीमा गई हेर्न सकिने छ ।

७. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम,नियमानुसार लाग्ने कर बुझाई सकार गरेको वन पैदावार उठाई लैजान पर्नेछ ।

८. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

९.थप जानकारीका लागि यस कार्यालयमा कार्यालय खुलेको समयमा सम्पर्क गर्न सकिनेछ ।